# अपराध इ–बुलेटिन

वर्ष ४,अंक १५
साउन – असोज,२०७५ (त्रैमासिक)

वस्तुनिष्ठ अपराध अनुसन्धान,
मानवअधिकारको सम्मान

अपराध अनुसन्धान विभाग
प्रहरी प्रधान कार्यालय
©सवाधिकार सुरक्षित

# यस इ-बुलेटिनमा


अपराध अनुसन्धान विभागिय गतिविधि --------------------२

नागरिक सम्बन्धी --------------------------------७

अनुसन्धानको प्राबिधिक तथ्यहरू--------------------------९

प्रहरी सेवा ------------------------------------------ ११

अपराध समाचार ---------------------------------- १२

सामुदायिक प्रहरी गतिविधि ---------------------------१६

अपराध तथ्यांक --------------------------------------- १७

जनचेतना मुलक सन्देश --------------------------------१५

# अपराध अनुसन्धान विभागीय गतिविधि



निरीक्षण भ्रमणका क्रममा गृहसचिव राई प्रहरी अस्पतालको निरीक्षण गर्नुहुदै।

## गृहसचिव प्रेमकुमार राईबाट नेपाल प्रहरी अस्पतालको निरीक्षण :

काठमाडौं, २९ साउन

गृहसचिव प्रेमकुमार राईले नेपाल प्रहरी अस्पताल महाराजगंजको निरीक्षण तथा अवलोकन भ्रमण गर्नुभएको छ । सो अवसर मा उहाँले अस्पतालको नयाँ तथा पुरानो वार्ड भवन, ओपिडी, पुस्तकालय, प्याथोलोजी लगायतको निरीक्षण गर्नुभयो ।

भ्रमणको क्रममा अस्पतालमा कार्यरत प्रहरी अधिकृत तथा जवानहरुलाई सम्बोधन गर्दै गृहसचिव राईले प्रहरी अस्पतालले अन्य अस्पताल सरह उत्कृष्ट स्वास्थ्य सेवासुविधा प्रदान गरेको चर्चा गर्दै प्रहरी अस्पताललाई मेडिकल कलेज बनाउनका लागि आवश्यक पहल गर्ने बताउनुभयो । सेवाग्राहीलाई समानरुपमा गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने उल्लेख गर्दै उहाँले अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सुविधा बृद्धि गर्दै लैजानु पर्नेमा जोड दिनुभयो ।

अस्पतालमा कार्यरत प्राविधिक जनशक्तिलाई अझै दक्ष बनाउने र वृत्तिविकासमा ध्यान दिई प्रोत्साहित गर्नुपर्नेमा जोड दिँदै गृहसचिव राईले यसका लागि स्वास्थ्य मन्त्रालयसँग आवश्यक समन्वय गरिने बताउनुभयो ।

सो अवसरमा प्रहरी महानिरीक्षक सर्वेन्द्र

खनालले निरीक्षण भ्रमणबाट प्रहरी कर्मचारीहरुमा थप उत्साह तथा जागरुकता थपिएको चर्चा गर्दै प्राप्त निर्देशन तथा सुझावहरु अक्षरस  पालना गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रहरी अस्पताललाई नमूना अस्पतालको रुपमा विकास गर्न अझै उत्कृष्ट र बिरामीमैत्री सुविधा सेवा प्रदान र वातावरण उपलब्ध गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

उक्त अवसरमा स्वागत मन्तव्य व्यक्त गर्दै अस्पतालका मेडिकल डाइरेक्टर प्रहरी अतिरिक्त महानिरीक्षक डा.दिनेशचन्द्र पोखरेलले विविध समस्याका बाबजुद अस्पतालको सेवालाई थप प्रभावकारी बनाउन भौतिक पूर्वाधार, अस्पताल व्यवस्थापन, बिरामीलाई गर्ने व्यवहार, औषधी वितरण लगायतका  विषयमा सकारात्मक परिवर्तन गर्दै आएको बताउनुभयो ।

अस्पतालका डिपुटी मेडिकल डाइरेक्टर प्रहरी नायव महानिरीक्षक डा.दुर्गा थापाले अस्पतालको काम कारवाही तथा हालको गतिविधिबारे प्रस्तुतिकरण गर्नुभएको उक्त कार्यक्रममा अस्पतालमा कार्यरत प्रहरी नायव महानिरीक्षकहरू, प्रहरी वरिष्ठ उपरीक्षकहरू लगायतका प्रहरी अधिकृत तथा जवानहरुको उपस्थिति रहेको थियो ।

## प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालबाट डाटा सेन्टर उदघाटन :

काठमाडौं, ४ भदौ

प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले प्रहरी प्रधान कार्यालयमा आयोजित एक समारोहबीच नेपाल प्रहरीको डाटा सेन्टरको विधिवत उदघाटन गर्नुभयो । सोही अवसरमा उहाँले मुद्धाहरुको मिसिल व्यवस्थापन, लैंगिक अपराध, हराएका तथा फेला परेका व्यक्तिहरु,  पहिचान हुन नसकेका शव, वान्टेड तथा मस्टवान्टेड व्यक्तिहरु एवम् हराएका तथा फेला परेका वस्तु, रेकर्ड सिस्टम सफ्टवेयर समेतको उदघाटन गर्नुभयो । सोही क्रममा प्रहरी महानिरीक्षक खनालले उक्त



प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालज्यु  डाटा सेन्टरको उदघाटन गर्नुहुदै।

सेन्टरको अवलोकन समेत गर्नुभयो ।

समारोहलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक खनालले डाटा सेन्टरको स्थापनापछि प्रहरी कार्यमा अझ बढी जिम्मेवारी बोध भएको र यसको प्रयोगबाट देशभरि हुने अपराध अनुसन्धानमा थप सहजता हुने बताउनुभयो । डिजिटलाइजेसनमा नेपाल सरकारको प्राथमिकता अनुरुप डाटा सेन्टरको स्थापना भएको उल्लेख गर्दै उहाँले डाटा सेन्टरको संचालन एवम् आवश्यक मर्मततर्फ विशेष ध्यान दिनुपर्ने र निरन्तरताका लागि दक्ष जनशक्ति हुनुपर्ने बताउनुभयो ।

वृहत् डाटावेश सहितको एकिकृत सूचना केन्द्र, आवश्यक ढाँचा सहितको केन्द्रीकृत प्लेटफर्म, अपराधिक घटनाको प्रणालीगत डाटा रेकर्ड र तथ्याङ्कगत सूचनाको भण्डारलाई अत्यन्त व्यवस्थित रुपमा प्रयोग गर्नुपर्नेमा जोड दिँदै उहाँले आवश्यकता अनुसार अन्य निकायहरुसँग पनि डाटावेसका विवरणहरु सेयर गर्दै लैजानु पर्ने बताउनुभयो ।

प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक धिरु बस्न्यातले स्वागत मन्तव्य व्यक्त गर्नुभएको सो कार्यक्रममा प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग फरेन्सिक ल्याबका प्रहरी उपरीक्षक रबिन बस्न्यातले डाटा सेन्टर सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो ।

डाटा सेन्टरमा नेपाल प्रहरीको सम्पूर्ण सूचना प्रविधि सम्बन्धि सिस्टमहरु रहने व्यवस्था गरिएको छ । Data sharing अथवा Data Interface मार्फत् अन्य निकायहरुमा समेत सूचना आदान प्रदानका लागि आवद्ध हुन सकिने व्यवस्था रहेको छ । डाटा सेन्टरमा अपराध सम्बन्धी विवरणहरु केन्द्रीकृत रुपमा रहने तथा यसलाई Knowledge Management Platform को रुपमा समेत प्रयोग गरिनेछ ।

## प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यमा ६३औं प्रहरी दिवस २०७५ सम्पन्न :

काठमाडौं, २५ असोज

प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यमा प्रहरी प्रधान कार्यालय नक्सालमा आयोजित विशेष समारोहबीच ६३ औं प्रहरी दिवस २०७५ सम्पन्न भएको छ ।

प्रधानमन्त्री ओलीले प्रहरी प्रधान कार्यालयस्थित अमर प्रहरी स्मारकमा पुष्पहार अर्पण गर्नुभयो । प्रहरी दिवसका अवसरमा आयोजित श्रद्धाञ्जलि समारोहमा प्रधानमन्त्री ओलीले यस वर्ष अमरत्व प्राप्त गर्नुभएका प्रहरी सहायक निरीक्षक देवेन्द्रसिंह धामी, प्रहरी हवल्दार गजेन्द्रसिंह ठगुन्ना, प्रहरी जवानहरु राजकुमार आले, शेरसिंह साउद, सुशिल बाँनिया, प्रदिपकुमार यादव, रामप्रसाद पौडेल, विष्णुप्रसाद न्यौपाने र प्रहरी कार्यालय सहयोगी हरिबहादुर गुरुङका आश्रित परिवारलाई कदरपत्र प्रदान गर्नुभयो ।

समारोहमा प्रधानमन्त्री ओलीले पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक अमरसिंह शाहलाई लाइफ टाइम अचिभमेन्ट अवार्ड प्रदान गर्नुको साथै प्रहरी दर्पण २०७५ को लोकार्पण समेत गर्नुभयो । उक्त अवसरमा प्रधानमन्त्री ओलीलाई प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले मायाको चिनो समेत प्रदान गर्नुभयो ।

श्रद्धाञ्जलि समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले नेपाल प्रहरी अपराध नियन्त्रण तथा अनुसन्धानको क्षेत्रमा अब्बल रहेको र यस साखलाई कायम राखी नागरिक केन्द्रीत प्रहरी सेवा प्रवाह गर्न अझ बढी व्यावसायिकता प्रदर्शन गर्न जरुरी रहेको बताउनुभयो । आमनागरिकलाई सेवा प्रवाह गर्न नेपाल प्रहरी अग्रपङ्क्तिमा रहेको चर्चा गर्दै प्रधानमन्त्री ओलीले नागरिकको घरदैलोमा जति छिट्टो प्रहरी पुग्न सक्यो त्यति नै सरकारको प्रभावकारिता देखिने भएकोले नेपाल प्रहरीलाई समयसापेक्ष साधनश्रोत, प्रविधि र समयानुकूल ऐन कानूनले सुसज्जित गर्दै व्यावसायिक र सुदृढ संगठनको रुपमा विकास गर्न नेपाल सरकार

प्रतिबद्ध रहेको बताउनुभयो ।
सीमित श्रोत साधनका बाबजुद नेपाल प्रहरीले आन्तरिक सुरक्षा कायम राख्न प्रदर्शन गरेको ढृढता, कर्तव्यनिष्ठा र वीरताको प्रशंसा गर्दै नेपाल सरकारले अंगिकार गरेको समृद्ध नेपाल सुखी नेपाली निर्माणको लक्ष्य प्राप्तिको लागि नेपाल प्रहरीले थप जिम्मेवार र सक्रिय हुनु आवश्यक रहेको बताउनुभयो ।

प्रविधिको दुरुपयोगबाट हुने अपराध, अन्तरदेशीय अपराध, आतंकवाद जस्ता सुरक्षा चुनौति दिन प्रतिदिन नयाँ स्वरुपमा वृद्धि भइरहेकोतर्फ इगिंत गर्दै उहाँले त्यस्ता क्रियाकलाप नियन्त्रणका लागि छिमेकी राष्ट्रसँग समन्वय र इन्टरपोलमा समेत नेपाल प्रहरीको परिचालनलाई नेपाल सरकारले गम्भीरतापूर्वक लिएको बताउनुभयो । संयुक्त राष्ट्र संघको अनुरोधमा विभिन्न मुलुकमा शान्ति स्थापनार्थ संचालित मिशनमा उत्कृष्ट प्रदर्शन गर्दै नेपाल प्रहरीले अन्तर्राष्ट्रिय स्तरमा समेत राष्ट्रको पहिचानलाई स्थापित गर्न सशक्त भूमिका निर्वाह गरेको प्रधानमन्त्री ओलीले चर्चा गर्नुभयो ।

प्रहरी दिवसको अवसरमा समस्त प्रहरी कर्मचारीहरुलाई शुभकामना दिनुहुँदै इतिहासका विभिन्नकालखण्डमा अनेक चुनौति सामना गर्दै नागरिकलाई सुरक्षाको अनुभूति दिलाउन संगठनका कर्मठ सदस्यहरुले निर्वाह गरेको भूमिका उल्लेखनीय र इतिहासका पानाको साथै हरेक नागरिकको ह्रदयमा कहिल्यै नमेटिने गरी अंकित भएको बताउनुभयो । उहाँले कर्तव्यपथमा अग्रसर रहँदा जीवन आहुति दिने वीर, अमर प्रहरीहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्नुको साथै परिवारजनहरुप्रति सम्मान र घाइते हुनुभएका प्रहरी कर्मचारीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो ।

उक्त अवसरमा बिशिष्ट अतिथि गृहमन्त्री रामबहादुर थापा 'बादल', महान्यायाधिवक्ता अग्नि खरेल, संवैधानिक आयोगका सदस्यहरु,प्रधान सेनापति पूर्णचन्द्र थापा, गृहसचिव प्रेमकुमार राई, सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनाल,राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक दिलिपराज रेग्मी, पूर्व प्रहरी महानिरीक्षकहरु, प्रहरी अतिरिक्त महानिरीक्षकहरु, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकहरु, प्रहरी नायव महानिरीक्षकहरु,




६३औं प्रहरी दिवसका अवसरमा प्रधानमन्त्री ओलीद्वारा अमर प्रहरी सालिकमा श्रद्धाञ्जलि अर्पण गरिदैं

अमर प्रहरीका परिवारहरु, अन्य बिशिष्ट अतिथि महानुभावहरु, वरिष्ठ प्रहरी अधिकृतहरु, नेपाल प्रहरी श्रीमती संघका पदाधिकारीहरु, पूर्व प्रहरी अधिकृतहरु एवं उपस्थित प्रहरी अधिकृत तथा जवानहरुले समेत अमर प्रहरी स्मारकमा पुष्पगुच्छा अर्पण गर्नुभयो ।

कार्यक्रममा प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले धन्यबाद ज्ञापन गर्नुहुँदै राष्ट्र र नागरिकको सुरक्षाका खातिर कर्तव्य निर्वाहको क्रममा जीवनको आहुती दिने वीर अमर प्रहरीहरुप्रति श्रद्धान्जली अर्पण गर्नुभयो । प्रहरीको व्यावसायिकता र प्रभावकारी कानून कार्यान्वयनबाट कानूनी शासनको प्रत्याभूति भई आमनागरिककमा शान्ति सुरक्षाको महसुस हुने उल्लेख गर्दै उहाँले नेपाल प्रहरीलाई प्रहरी मध्येकै नमूना संगठन र सुशासनको पहरेदार को रुपमा रुपान्तरण गर्न प्रयासरत रहेको बताउनुभयो ।

सुरक्षामा हुने खर्च अनुत्पादक लगानी हो भन्ने परम्परागत सोचलाई त्यागेर सार्वजनिक सुरक्षालाई आर्थिक विकासको आधारस्तभको रुपमा ग्रहण गरी तदअनुरुप सुरक्षा संयन्त्रको आधुनिकीकरण र क्षमता अभिवृद्धिमा लगानी गर्ने अन्तर्राष्ट्रिय अभ्यास रहेको प्रहरी महानिरीक्षक खनालले बताउनुभयो । नेपाल प्रहरी नै अपराध अनुसन्धानका दृष्टिले विज्ञहरुको संगठन भएको उल्लेख गर्दै उहाँले इतिहासको विभिन्न कालखण्डमा घटित जटिल अपराधको सफल अनुसन्धानले आमजनको भरोसा पाउन सफल नेपाल प्रहरी हरेक प्रकार का अपराधलाई सही निष्कर्षमा पुर्याउन सक्षम रहेको चर्चा गर्नुभयो ।

नेपाल प्रहरी संगठन कानूनी राज्यको अवधारणालाई अंगिकार गर्दै शान्ति तथा अमन चयन र सामाजिक सद्भाहव कायम र राख्ने एवं अपराध रोकथाम तथा अनुसन्धान गर्ने आफ्नो आधारभूत दायित्वप्रति जिम्मेवार रहेको प्रहरी महानिरीक्षक खनालले उल्लेख गर्नुभयो । उच्च व्यावसायिक निष्ठा र इमान्दारिताका साथ भावी कार्ययोजना तयार गरी लक्षित कार्यदिशामा सङ्कल्पित भई कार्य गर्न हृदयदेखि नै प्रहरी संगठन तयार रहेको उहाँले बताउनुभयो ।

उक्त अवसरमा लाइफ टाइम अचिभमेन्ट अवार्डबाट सम्मानित पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक अमरसिंह शाहले सम्मानित हुन पाउँदा खुसी लागेको उल्लेख गर्दै सम्मानलाई व्यक्तिगत र व्यवसायिक जीवनको एउटा अत्यन्त अमूल्य निधिको रुपमा आफूले लिएको बताउनुभयो ।

उक्त अवसरमा नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष श्रीमती प्रमीला खनालले यस वर्ष घोषित अमर प्रहरीका परिवारलाई राहत बितरण गर्नु साथै United nations- African Union Hybrid Operation in Darfur १४औं समूहमा छनौट भई FPU Pre Deployment तालिमको समयमा अकस्मात बेहोश भएपछि उपचारको लागि अस्पताल पुर्याउँदा निधन भएका प्रहरी हवल्दार रोशन थारुको आश्रीत परिवारलाई राहत स्वरुप उक्त समूहबाट संकलित १ लाख ८० हजार ९ सय ३५ रुपैयाँ हस्तान्तरण गर्नुभयो ।

उक्त समारोह पश्चात प्रहरी महानिरीक्षक सर्वेन्द्र खनाल, बरिष्ठ प्रहरी अधिकृतहरु र पूर्व प्रहरी महानिरीक्षकहरु लगायत पूर्व वरिष्ठ प्रहरी अधिकृतहरुबीच पुनर्मिलन कार्यक्रम समेत सम्पन्न भएको थियो ।

६३ औं प्रहरी दिवस २०७५ का अवसरमा देशभरका प्रहरी कार्यालयहरुमा समेत विविध कार्यक्रमहरु गरी मनाइएको छ ।

# नागरिक सम्बन्धी

## खोजतलास एवं समन्वय

देश भरी हराएका मानिसहरुको साउन महिना देखि असोज महिनासम्मको विवरण –

| विवरण | पुरुष | महिला | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|
| हराएका | ५९५ | १३७९ | २५५ | ५१२ | २७४५ |
| फेला परेका | १०६ | ३२७ | ९२ | १८७ | ७१६ |

पहिचान हुन नसकेका लाशहरुको विवरण –

| | पुरुष | महिला | बालक | बालिका | मानव कंकाल | जम्मा |
|---|---|---|---|---|---|---|
| | ५९ | ५ | १ | ३ | ७ | ६५ |
| सनाखत भएका | ३ | – | – | – | – | ३ |

## विदेशी नागरिक

| सि.नं. | बिबरण | साउन | भदौ | असोज | जम्मा |
|---|---|---|---|---|---|
| १ | विदेशी नागरिकको मृत्यु | १ | १ | ६ | ८ |
| २ | विदेशी नागरिकको पक्राउ | ५ | ४ | २ | ११ |
| ३ | हराएका बिदेशी नागरिकहरु ( खोजतलास भइरहेको ) | ३ | १ | १ | ५ |
| ४ | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका नागरिकहरुको विबरण | ४२९१ | ३०३६ | १६,०१५ | २३,३४२ |
| ५ | विदेशी नागरिकको यस कार्यालयमा रहेको अपराधिक अभिलेख जाच गरि पठाईएको बिबरण | – | १ | – | १ |

# बालबालिका खोजतलास

देश भरी हराएका तथा फेला परेका बालबालिकाको साउन १ गते देखि असोज मसान्त सम्मको विवरण :

| प्रदेश | | जम्मा हराएका | | | हराएका मध्ये फेला परेका | | |
|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| प्रदेश नं. १ | | २९ | १०८ | १३७ | ९ | ३२ | ४१ |
| प्रदेश नं. २ | | ३३ | १०९ | १४२ | १३ | १८ | ३१ |
| प्रदेश नं. ३ | उपत्यका | ३६ | २९ | ६५ | २२ | १९ | ४१ |
| | उपत्यका बाहेक | ३१ | ७६ | १०७ | १६ | ३३ | ४९ |
| प्रदेश नं. ४ (गण्डकी प्रदेश) | | २७ | ७२ | ९९ | १० | ४६ | ५६ |
| प्रदेश नं. ५ | | ५१ | १०४ | १५५ | १८ | ३६ | ५४ |
| प्रदेश नं. ६ (कर्णाली प्रदेश) | | ३७ | ५४ | ९१ | १२ | १२ | २४ |
| प्रदेश नं. ७ | | ३५ | ४५ | ८० | ७ | १३ | २० |
| जम्मा | | २७९ | ५९७ | ८७६ | १०७ | २०९ | ३१६ |

# अनुसन्धानको प्राबिधिक तथ्यहरु

## पोलिग्राफ

प्रहरी प्रधान कार्यालय पोलिग्राफ शाखाले २०७५ साल साउन महिना देखि असोज महिना सम्म १२८ पुरुष र १४ महिला गरि जम्मा १४२ जनाको टेष्ट गरेकोमा, झुठ बोलेको संकेत ८०, झुठ नबोलेको संकेत ४६, राय दिन नसकने १०, परिक्षण स्वीकृती प्रदान नगरेको ४, र स्वीकार गरेको २ वटा घटना छन।

## Call Detail Record

मिति २०७५ साउन महिना देखि असोज महिना सम्मको यस शाखाले गरेको Call Detail Record यसप्रकार छ :–

अपराध अनुसन्धानको सिलसिलामा उपत्यका बाहेकका ७४ वटा जिल्ला स्थित प्रहरी कार्यालयहरु बाट माग भई आएका Operational Data हरु दूरसंचार सेवाप्रदायक संस्थाहरु संग Co–ordination गरी निम्नानुसार को संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको ।

| | |
|---|---|
| साउन | ९१२१ |
| भदौ | ९८५८ |
| असोज | ८०४९ |

## Digital Forensic Lab बाट परीक्षण गरिएको सबुदहरुको तथ्याङ्क

प्रहरी प्रधान कार्यालय Digital Forensic Lab ले २०७५ साउन १ गते देखि असोज मसान्त सम्मको निम्न मुद्दाशिर्षक अनुसारको मुद्दा अनुसन्धानमा प्राप्त भएको सबुदहरुको परीक्षण गरी परीक्षण रिपोर्ट तथा सबुदहरु सम्बन्धित कार्यालयमा पठाईसकिएको ।

| सिं.नं. | मुद्दा शीर्षक | संख्या |
|---|---|---|
| १ | चोरि | ५ |
| २ | जवरजस्ती करणी | ७ |
| ३ | विधुतीय कसूर | २८ |
| ४ | कर्तब्य ज्यान | २६ |
| ५ | मानव बेचबिखन तथा ओसारपसार | ५ |
| ६ | ठगी | १० |
| ७ | आगो लगाई | १ |
| ८ | सरकारी छाप दस्तखत किर्ते | २ |
| ९ | नखुलेको | ३ |
| १० | अपहरण तथा शरिर बन्धक मुद्दा | २ |
| ११ | ला.औ. सेवन तथा ओ.प. कारोबार | २ |
| १२ | केही सार्बजनिक अपराध | १ |
| १३ | बैकिङग कसुर | १ |
| १४ | VOIP | १ |
| १५ | लिखत कसुर | २ |
| १६ | अबैध हा.ह. तथा खरखजना | १ |
| १७ | चन्दा ऐन | ३ |
| १८ | बम बिष्फोट | २ |
| १९ | मैथुन ज.ज.क. | १ |
| २० | भबितब्य जयान | २१ |
| २१ | घरेलु हिंसा | १ |
| | जम्मा | १२५ |

### यस ल्याबमा परीक्षण गरिएका सबुदहरुको विवरण यस प्रकार छन् ।

| | | | |
|---|---|---|---|
| 1 | Sim card | ३०५ | |
| 2 | Memory card | ८२ | |
| 3 | Laptop | २४ | Hard Drive |
| 4 | CPU | ७ | Hard Drive |
| 5 | Mobile | २१९ | |
| 6 | Pendrive | ४ | |
| 7 | modem | १ | |
| 8 | DVR | ३ | Hard Drive |
| 9 | NVR | १ | Hard Drive |
| 10 | Z3box | १ | |
| 11 | wireless | २ | |
| 12 | DVD | ३८ | |
| | total | ६८७ | |

# प्रहरी सेवा

## फैसला कार्यान्वयन अवस्था

फैसला कार्यान्वयन सम्बन्धी पाक्षीक विवरण सङ्कलन गरी विष्लेषण गर्ने कार्य भईरहेको छ। जस अनुसार साउन, भदौ र असोज सम्मको विशेष अभियान लागु भएका र नभएका जिल्लाहरूको फैसला कार्यान्वयन सम्बन्धी प्रगति विवरण निम्न अनुसार रहेको छ।

| | पक्राउ संख्या | जरिवाना | कैद |
|---|---|---|---|
| बिशेष अभियान लागु भएका २४ जिल्ला | ४१६ जना | रु. २,२४,३८,५४८ | ४४५वर्ष ० महिना २० दिन |
| (४१६ जना व्यक्तिहरुलाई जनही तोकिएको जरीवाना र कैदको कुल जम्मा) | | | |
| बिशेष अभियान लागु नभएका ५१ जिल्ला | ११४जना | रु. २८,५५,१२५ | २१५ वर्ष ९ महिना ०८दिन |
| (११४ जना व्यक्तिहरुलाई जनही तोकिएको जरीवाना र कैदको कुल जम्मा) | | | |
| केन्द्रीय अनुसन्धान ब्युरो | १७ जना | रु. ५,९८,९५,८३२ | ४२ बर्ष ५ महिना ६ दिन |
| (१३ जना व्यक्तिहरुलाई जनही तोकिएको जरीवाना र कैदको कुल जम्मा) | | | |
| जम्मा | ५४७ जना | रु. ८,५१,७९,५०६ | ७०३वर्ष ०३महिना ०४दिन |
| (५४७ जना व्यक्तिहरुलाई जनही तोकिएको जरीवाना र कैदको कुल जम्मा) | | | |

## चारित्रिक प्रमाणपत्र बितरण सम्बन्धी (साउन देखि असोज सम्मको)

| सि.नं. | सम्पादन भएका प्रमुख कार्यहरू | कार्यान्वयन स्थिति |
|---|---|---|
| १ | प्रहरी चारित्रिक प्रमाणपत्र नेपालमा रहेका व्यक्तिहरुको दर्ता संख्या :– ५४६५२ | प्रमाण–पत्र बितण संख्या :–५४३५९ |
| २ | विदेशमा रहेका व्यक्तिहरुको दर्ता संख्या :– ३६०३ | वितरण संख्या :– ३५५० |
| ३ | राजदुतावासको दर्ता संख्या :– १३३ | वितरण संख्या :– १३३ |
| ४ | विदेशी नागरिकको दर्ता संख्या :– १९७ | वितरण संख्या :– १९७ |
| ५ | गृह मन्त्रालयको दर्ता :– ११३५ | वितरण संख्या :– ११३५ |
| ६ | ७ वटै प्रदेश कार्यालयहरूबाट दर्ता संख्या :– २१४८ | वितरण संख्या :– २१४८ |
| ७ | ईमेल मार्फत दर्ता संख्या :– ७४९ | वितरण संख्या :– ७४९ |
| ९ | नागरिक उड्डयन प्राधिकरण,त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थलको दर्ता सख्या:– ४१३ | वितरण संख्या :– ४१३ |
| | जम्मा दर्ता संख्या :– ६३०३० | बितण संख्या :– ६२६८४ |

| सि.नं. | विवरण | साउन | भदौ | असोज |
|---|---|---|---|---|
| 1 | New Data Entry | 2649 | 2659 | 1099 |
| 2 | 10 No Diary Data Entry | 3898 | 2494 | 3482 |
| 3 | Judicial Report Entry | 1690 | 1596 | 1945 |
| 4 | Police Report Check-PRC | 26741 | 20516 | 17217 |
| 5 | Others -PRC | 693 | 1313 | 655 |
| 6 | Suspect | 409 | 320 | 237 |
| | Total | 36080 | 28898 | 24635 |

# अपराध समाचार

## प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्युरो

### बिभिन्न प्रलोभनमा पारी मानव ओसार पसारमा संलग्न पक्राउ :

काठमाडौं,१ साउन

बैदेशिक रोजगारमा लैजाने भन्दै विभिन्न प्रलोभनमा पारी मानव ओसारपसार कार्यमा संलग्न काठमाडौं गोकर्णेश्वर बस्ने सिन्धुपाल्चोक पााचपोखरी गाउापालिका-१ का २७ वर्षीय सुनिलकुमार तामाङलाई काठमाडौं शंकरापुर नगरपालिका-६ बाट प्रहरीले पक्राउ गरेको छ ।

तामाङले आकर्षक तलब हुन्छ भन्दै प्रलोभनमा पारी पीडितलाई दुबई हादै ओमन पु्याएको र शारीरिक तथा मानसिक यातना दिई २१ महिनासम्म घरेलु कामदारको रुपमा राखी चरम यातना पाइरहेको अवस्थामा नेपाली राजदूतावासको सहयोगमा नेपाल फिर्ता भएको घटनामा संलग्न तामाङलाई केन्द्रीय अनुसन्धान ब्युरोबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

सोही घटनामा संलग्न मकवानपुर हेटौंडा घर भई ललितपुर सातदोबाटो बस्ने ५३ वर्षीय राजेन्द्र बाानिया २०७४ जेठ २९ गते पक्राउ परीसकेका छन् । पक्राउ परेका तामाङलाई मानव वेचविखन तथा ओसार पसार मुद्धामा जिल्ला अदालत काठमाडौंमा पेश गरिएको छ ।

### वन्यजन्तुको दाह्रा र नङ्गा सहित पक्राउ :

काठमाडौं,३० साउन

काठमाडौं महानगरपालिका-३२ गैह्रीगााउ तिनकुनेबाट संरक्षित वन्यजन्तुको दाह्रा ३६ थान र नङ्गा ६ थान सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा ओखलढुङ्गा लिखु गााउपालिका-९ का २३ वर्षीय महेश राई, २३ वर्षीय मिलन सुबेदी, १९ वर्षीय बिज्ञान भन्ने प्रतिरोध सुबेदी, सोलुखुम्बु दुधकुण्ड नगरपालिका-९ का २३ वर्षीय पूर्णबहादुर तामाङ र मोरङ कानेपोखरी गााउपालिका-२ का ३९ वर्षीय श्रवण चौधरी रहेका छन् । अवैध रुपमा संरक्षित वन्यजन्तुको दाह्रा र नङ्गा (आखेटोपहार) खरिद बिक्री गर्न ओसारपसार गरी ल्याई साथमा बोकी राखेको अवस्थामा उनीहरुलाई केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरी टोलीले फेला पारी नियन्त्रणमा लिएको हो ।

पक्राउ परेका अभियुक्तहरुलाई प्रहरीले आवश्यक कारवाहीको लागि डिभिजन बन कार्यालय काठमाडौंमा बुझाएको छ ।

### किर्ते कागजात खडा गरी ७० करोड मूल्य बराबरको सम्पत्ति ठगी गर्ने पक्राउ :

काठमाडौा, २१ भदौ

किर्ते कागजात बनाई करीव ७० करोड रुपैयाा बरबारको ठगी गर्ने १२ जनालाई प्रहरी प्रधान केन्द्रीय अनुसन्धान ब्यूरोको टोलीले पक्राउ गरको छ ।

पक्राउ पर्नेमा काठमाडौा चन्द्रागिरी नगर पालिका-८ बस्ने मकवानपुर हेटौडा-४ का ४५ वर्षीय राजन प्रसाद लम्साल, सोही नगरपालिका-१४ बस्ने ४० वर्षीय निरजकुमार मानन्धर, रामेछाप सुनापाती गाउापालिका-१ बस्ने ३३ वर्षीय जितबहादुर मगर रहेका छन् । उनीहरु मुख्य योजनाकार रहेको खुल्न आएको छ ।

पक्राउ पर्ने अन्य व्यक्तिहरुमा काठमाडौं पेप्सीकोला बस्ने मोरङ रतुवामाई नगरपालिकाका ४० वर्षीय पुण्यप्रसाद खरेल, काभ्रे चौबास घर भई बुढानिलकण्ठ

बस्ने ४० वर्षीय साईला भन्ने राजकुमार तामाङ, चन्द्रागिरी नगरपालिका-१० बस्ने ३१ वर्षीय हिमाल महर्जन, सोही ठाउ बस्ने ५५ वर्षीय चिरीबाबु महर्जन र बारा निजगढ नगरपालिका-१ घर भई कलंकी बस्ने २८ वर्षीय अमृत थापा मगर रहेका छन् ।

साथै प्रहरीले कम्पनी रजिष्टारको कार्यालयका सहायक रजिष्टार नारायण प्रसाद पोखरेल र उमेशमान जोशी तथा सोही कार्यालयमा करारमा कार्यरत २ जना कर्मचारीलाई समेत प्रहरीले पक्राउ गरेको छ । उक्त ठगी कार्यमा संलग्न कम्पनीरजिष्टारको कार्यालयमा कार्यरत अन्य २ जना हाल फरार रहेका छन् ।

काठमाडौं महनगरपालिका-४ चुनदेवी बस्ने शंकर इलेक्ट्रिक इण्डष्ट्रिज प्रालिका संचालक एवं अध्यक्ष भारतीय नागरिक राम निरंजन जटियाको नक्कली कागजात बनाएर ठगी गर्ने कार्यमा संलग्न उनीहरुलाई व्यूरोको टोलीले पक्राउ गरेको हो ।

उनीहरुले शंकर इलेक्ट्रिक इण्डष्ट्रिज प्रालिका शेयरधनी, संचालक र कम्पनीको अध्यक्ष जितबहादुर मगर हो भनी कम्पनीको नाममा रहेको काठमाडौं महानगरपालिका-४ बालुवाटार स्थित कित्ता नम्बर ४४१, ५०५ र ५४० को ३ रोपनी जग्गा सहितको घर, सतुंगलको कित्ता नंम्बर १२६ को १५ रोपनी जग्गा र म्याग्दी एवं नुवाकोट जिल्लामा कम्पनीको नाममा रहे को जग्गा बेचबिखन गर्न बैना गरेका थिए ।

जटियाको घरमा १६ वर्षदेखि काम गर्दै आएका जितबहादुरले उक्त कम्पनीको कागजात चोरी गरी लम्साल र मानन्धरको मुख्य सहयो गमा कागजात, सहीछाप र हस्ताक्षर किर्ते गरेर सम्पूर्ण शेयरहरू खरिद गरेको भनी कम्पनी र जिष्ट्रारको कार्यालयबाट जितबहादुरको नाममा नामसारी गरेका थिए ।

उनीहरुलाई बिद्युतीय अपराध, चोरी, ठगी तथा संगठित अपराधमा प्रहरीले अनुसन्धान पश्चात अनुसन्धान प्रतिबेदन जिल्ला सरकारी वकीलको कार्यालय काठमाडौंमा पेश गरेको व्यूरोले जनाएको छ ।

### संरक्षित वन्यजन्तु सालकको छाला सहितको खपटा सहित २ जना पक्राउ :

काठमाडौं, २६ असोज

काठमाडौं महानगरपालिका-१६ बालाजुबाट संरक्षित वन्यजन्तु सालकको छाला सहितको खपटा (आखेटोपहार) सहित २ जनालाई प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा रामेछाप दोरम्बा गाउापालिका-२ का १९ वर्षीय देवराज श्रेष्ठ र दोलखा सैलुंग गाउापालिका-१ का २८ वर्षीय ज्ञानबहादुर श्रेष्ठ रहेका छन् । सालकको खपटा ओसार पसार गरी खरिद बिक्री गर्न बोकी ल्याएको अवस्थामा उनीहरुलाई प्रहरीले फेला पारी पक्राउ गरेको हो । उक्त खपटाको तौल १ केजी १ सय ग्राम रहेको छ ।

## महानगरीय प्रहरी

### सय वर्ष पुरानो पुरातात्विक महत्वको बा( लगोपालको मूर्ती सहित पक्राउ :

काठमाडौं,२ साउन

एक सय बर्ष पुरानो पुरातात्विक महत्वको बालगोपालको मूर्ती सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा काठमाडौं महानगरपालिका-३२ पेरिसडाँडा बस्ने पाल्पा छहरा गाउँपालिका-४ का २७ वर्षीय दोलख बहादुर सोमई र ललितपुर ग्वार्को बस्ने काभ्रे तेमाल गाउँपालिका-५ का ३७ बर्षीय दिपक मैनाली रहेका छन् ।

महानगरीय अपराध महाशाखाबाट खटिएको प्रहरी टोलीले सोमईलाई पक्राउ गरी उनको कोठा तलासी गर्दा ढलौटको ८ केजी १ सय ७० ग्राम तौलको ३४ सेमी लम्बाई भएको १ थान मूर्ति बरामद भएको र उक्त मूर्ति उनलाई मैनालीले बेचविखन गर्न दिएको खुल्न आएपछि दुवैजनालाई प्रहरीले पक्राउ गरेको हो ।

### चितुवाको छाला सहित पक्राउः

काठमाडौं ,१७ साउन

संरक्षित वन्यजन्तु चितुवाको छाला २ थान सहित बागलुङ तमानखोला गाँउपालिका-६ घर भएका २५ वर्षीय झलक छन्त्याल, २३ वर्षीय देबेन्द्र रसाईली र २३ वर्षीय ज्ञानेन्द्र सेन्चुरीलाई प्रहरीले बुधबार प्रहरीले पक्राउ गरेको छ ।

वन्यजन्तुसँग सम्बन्धित अपराध अनुसन्धान तथा रोकथामको लागि केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंज र ४ नम्बर प्रदेश प्रहरी कार्यालय पोखराको क्षेत्रीय अनुसन्धान समूहबाट खटिएको संयुक्त प्रहरी टोलीले कास्की पोखरा लेखनाथ महानगरपालिका-७ अन्नपूर्ण टोलबाट उनीहरुलाई उक्त छाला सहित फेला पारी पक्राउ गरेको हो ।

## भन्सार छली लैजान लागेको सुन सहित भुटानी नागरिक पक्राउ :

काठमाडौं,१२ भदौ

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भुटानतर्फ जान लागेका राहदानी नम्बर जि १०२१८३ वाहक भुटानी नागरिक TSHERING NAMGYEL लाई भन्सार छली अवैध रुपमा लैजान लागेको १ सय ५७.३२ ग्रामको सुनको प्याकेट १६ थान सहित प्रहरीले पक्राउ गरे को छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान होल्ड व्यागेज चेकिङ एरियामा भन्सार छली अवैध रुपमा लैजान लागेको अवस्थामा उनलाई प्रहरीले फेला पारी पक्राउ गरेको हो ।

उनलाई आवश्यक अनुसन्धान एवं कारवाहीको लागि प्रहरीले विमानस्थल भन्सार कार्यालय,गौचर पठाएको छ ।

## बन्यजन्तु चितुवा र रेडपाण्डाको छाल सहित २ जना पक्राउः

काठमाडौं, ६ असोज

बन्यजन्तु चितुवाको छाला र रेडपाण्डाको छाला सहित २ जनालाई काठमाडौंका छुट्टाछुट्टै स्थानबाट प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं महानगरपालिका-२६ म्हेपी पुल नजिकबाट लम्जुङ बेशीशहर नगरपालिका घर भएका २४ वर्षीय पमबहादुर तामाङलाई चितुवाको छाला १ थान सहित प्रहरीले पक्राउ गरेको हो ।

यसैगरी काठमाडौं महानगरपालिका-१६ बालाजु बाइपास रोडबाट काठमाडौं नेपालटार शेषमती बस्ने रसुवा वाँसभन्ज्याङका २८ वर्षीय भिमलाल गोलेलाई ३ थान रेडपण्डाको छाला सहित प्रहरीले पक्राउ गरेको हो ।

# प्रदेश नं.१

## पेस्तोल, गोली र नियन्त्रित लागूऔषध सहित पक्राउ :

मोरङ, ३ साउन

मेड इन यूएसए लेखिएको स्वचालित पेस्तोल १ थान, त्यसको गोली ३ राउण्ड र नियन्त्रित लागूऔषधसहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सुनसरी ईटहरी उपमहानगरपालिका-९ मा डेरा गरि बस्ने मोरङ बेलबारी नगरपालिका-७ घर भएका ३३ वर्षीय संजय चौधरी भन्ने सूर्य नारायण चौधरी, मोरङ सुन्दरहरैचा नगरपालिका-२ बस्ने २० वर्षीय राज चौधरी र सुनसरी दुहवी नगरपालिका-२ बस्ने २७ वर्षीय मोहमद अलाउदीन रहेका छन् ।

मोरङ बिराटनगर महानगरपालिका-७ स्थित मोरङ जिल्ला अदालतको गेट बाहिर शंकास्पद तरिकाले हिँडिरहेको अवस्थामा प्रहरीले सूर्य नारायण र राजको शरिर तलासी लिदा सूर्य नारायणको साथबाट ३० चक्की नाईट्रोसन र राजको साथबाट २० चक्की नाईट्राभेट गरी जम्मा ५० चक्की नियन्त्रित लागूऔषध बरामद भएपछि थप अनुसन्धानको क्रममा सूर्य नारायणको घरमा तलासी लिंदा बुधबार उक्त हतियार समेत बरामद भएको थियो ।

साथै प्रारम्भिक अनुसन्धानकै क्रममा उक्त पेस्तोल सूर्य नारायण चौधरीले मोहमदको साथमा भारत गई खरिद गरी ल्याएको बुझिएकोले मोहमदलाई समेत मोरङ बुढीगंगा गाउँपालिका-४ बाट प्रहरीले पक्राउ गरेको हो ।

# प्रदेश नं.२

## स्वचालित पेस्तोल सहित पक्राउः

रौतहट, २६ असोज

परोह नगरपालिका-८ स्थित सडकबाट १ थान स्वचालित पेस्तोल सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा धनुषा फुलबारी गाउँपालिका-१ बस्ने ३१ वर्षीय रोहित साह, काभ्रे टिमाल बस्ने २५ वर्षीय मनोक तमाङ, भारत बिहार मोतिहारी गोकुल बस्ने २३ वर्षीय कमल साह, भारत बिहार घोडासान श्रीपुर बस्नेहरु ३३ वर्षीय राकेश पासवान, २८ वर्षीय संजिब पासवान र २७ वर्षीय अवधेश कुमार चौरसिया रहेका छन् ।

परोह नगरपालिका-८ स्थित सडकमा प्रहरीले जाँच गर्ने क्रममा रोहितले १ थान स्वचालित पेस्तोल आफू बसेको नजिक फालेपछि उक्त पेस्तोल तथा उनीहरु सवार ३ वटा मोटरसाइकल सहित प्रहरीले पक्राउ गरेको हो ।

## प्रदेश नं.३

अवैध लागूऔषध सहित पक्राउ :

मकवानपुर,१७ साउन

मकवानपुर मनहरी गाँउपालिका-९ खराङ्गा स्थित मनहरीबाट हेटौडातर्फ जाँदै गरेको बिआर आइ पि २३४५ नम्बरको भारतीय बलेरो जाँच गर्नेक्रममा बलेरो चालक सिरहा औरही गाउँपालिका-२ तुलसीपुर बस्ने ४४ वर्षीय छेदी दास समेत ४ जनालाई लागूऔषध गाँजा करीब ८८ केजी ७ सय २० ग्राम सहित प्रहरीले पक्राउ गरेको छ ।

यसैगरी मकवानपुर हेटौडा उपमहानगर पालिका-११ सरस्वती चोक स्थित बस्तिपुरबाट हेटौडातर्फ जाँदै गरेको ना.३ च ३७६२ नम्बरको पिकअप गाडी जाचँ गर्दा चालक सिन्धुली कमलामाई नगरपालिका-१२ बस्ने ३६ वर्षीय दिनेश मगर समेत २ जनालाई लागूऔषध गाँजा १ सय १५ के.जी. सहित प्रहरीले पक्राउ गरेको छ ।

## प्रदेश नं. ४

हतियार सहित पक्राउ :

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), ७ साउन

बर्दघाट नगरपालिका-१० भुताह बस्ने ३१ वर्षीय किशोर आचार्यलाई 'मेड इन युएसए' लेखे को पेस्तोल १ थान र खुँडा १ थान सहित प्रहरीले पक्राउ गरेको छ । सोही नगरपालिका-४ टिसिएन चोकस्थित राजमार्गमा ईलाका प्रहरी कार्यालय बर्दघाटको प्रहरीले आचार्य सवार बा.९ च ९९६ नम्वरको कारलाई जाँच गर्दा अगाडिको सिटमा लुकाई छिपाई राखेको अवस्थामा उक्त हतियार बरामद भएपछि उनलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

## प्रदेश नं. ५

अवैध रुपमा ल्याएको यार्सागुम्बा सहित पक्राउ :

बाँके,१७ भदौ

डोल्पा ठूलो भेरी नगरपालिका-६ बस्ने ३० वर्षीय श्रवर्ण कुमार बुढालाई अवैध रुपमा ल्याएको ६ केजी १ सय ग्राम यार्सागुम्बा सहित प्रहरीले पक्राउ गरेको छ ।

नेपालगंज उपमहानगरपालिका-२० राझास्थित नेपालगंज बिमानस्थलमा डोल्पाबाट समिट बिमानमा नेपालगंज आएका श्ववर्णको झोलामा टिनको बाकसभित्र लुकाई ल्याएको उक्त यार्सागुम्बा र गोल्डटेक लेखेको डिजिटल तराजु सहित फेला पारी प्रहरीले नियन्त्रणमा लिएको हो ।

## प्रदेश नं. ६

भरुवा बन्दुक बरामदः

मुगु, ३० भदौ

कारमाङ रोङ गाउँपालिका-७ महस्थित बाटोको छेउबाट १ थान भरुवा बन्दुक प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी डोल्फुबाट खटिएको टोलीले बेवारिसे अवस्थामा उक्त बन्दुक फेला पारी बरामद गरेको हो ।

यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## प्रदेश नं. ७

५ सय दरका प्रतिबन्धित भारतीय नोट सहित पक्राउः :

कंचनपुर,१ असोज

बेलौरी नगरपालिका-८ पचुई खप्टे नाला सुतिया नदीबाट ५ सय दरको ४ सय थान प्रतिबन्धित भारतीय नोट सहित भारत तेलिभिट

ग्रामराजापुरी बस्ने ५५ वर्षीय सत्मान सिंहलाई प्रहरीले पक्राउ गरेको छ ।

सिंहले नक्कली नोटको कारोबार गर्ने गरेको सूचना प्राप्त भएपछि ईलाका प्रहरी कार्यालय बेलौरीबाट खटिएको प्रहरी टोलीले उनलाई फेला पारी जाँच गर्दा उक्त प्रतिबन्धित सक्कली भारतीय नोट बरामद भएको थियो ।




# सामुदायिक प्रहरी गतिविधि

**सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका सामुदायिक प्रहरी केन्द्रहरूले संचालन गरेका सामुदायिक गतिविधिहरू (गृह प्रशासन सुधार बुँदा नं. ३७ टोलटोलमा प्रहरी अभियान कार्यक्रम)**

| सि.नं. | कार्यक्रम | साउन | भदौ | असोज |
|---|---|---|---|---|
| १ | जनचेतनामुलक कार्यक्रम | ५७९ | ३२५ | ६४९ |
| २ | अभिलेख संकलन | ३४ | ११ | ७ |
| ३ | घटित घटना तथा अपराध अनुसन्धानमा सहयोग | ३४ | ११ | ६ |
| ४ | शान्ति सुरक्षामा सहयोग | ३६० | ३४ | १३६ |
| ५ | सामाजिक कार्य | १७३ | ५५ | १६३ |
| | कुल जम्मा | ११८० | ४३६ | ९६१ |

**गृह प्रशासन सुधार बुँदा नं. ७६ लागु औषध जनचेतनामुलक कार्यक्रम**

| सि.नं. | कार्यक्रम | साउन | भदौ | असोज |
|---|---|---|---|---|
| १ | अन्तरक्रिया कार्यक्रम | ११ | ३१ | १९ |
| २ | घरदैलो कार्यक्रम | ११ | २ | ० |
| ३ | सचेतनामुलक र जनचेतना कार्यक्रम | ९२ | ८० | ८९५ |
| ४ | छलफल कार्यक्रम | ० | २ | ३ |
| ५ | प्रशिक्षण कार्यक्रम | १८ | २९ | १८ |
| ६ | र्‍याली कार्यक्रम | २ | ० | ४ |
| ७ | लागू पदार्थजन्य बोटविरुवा फडानी कार्यक्रम | १२ | ३० | २२ |
| ८ | पर्चा पम्पेलेट | ९ | १३ | ११ |
| ९ | वृत्त चित्र प्रर्दसन | ० | १ | २ |
| | कुल जम्मा | १५५ | १८८ | १६८ |

# अपराध तथ्यांक

## २०७५ साउन महिनाको

| प्रकृति | ब्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | ० | ८८ | ११६ | १०० | ७६ | ५२ | १२५ | ३१ | ४४ | ६३२ |
| आत्महत्या सम्बन्धी | ० | ४६ | ८३ | ५१ | ५८ | ६१ | ८९ | २५ | ३२ | ४४५ |
| चोरी सम्बन्धी | ० | ६३ | ५२ | ४१ | १२ | १३ | ४९ | ६ | १३ | २४९ |
| संगठित तथा आर्थिक अपराध सम्बन्धी | १८ | ११७ | १०५ | ९२ | ४९ | ५० | ६७ | ४ | ९ | ५११ |
| सामाजिक अपराध | ० | ४१२ | २३१ | १९१ | ११५ | १२६ | ९३ | २६ | ३९ | १२३३ |
| महिला तथा बालबालिका सम्बन्धी | ४ | ५० | १०९ | ५९ | ४६ | ४५ | ५७ | २८ | ३३ | ४३१ |
| सवारी सम्बन्धी | ० | २६ | २८ | ३५ | २५ | १६ | ३७ | ४ | ६ | १७७ |
| विविध | १५ | १०० | ९ | ६ | ९ | १ | १६ | २ | ३ | १६१ |
| कुल जम्मा | ३७ | ९०२ | ७३३ | ५७५ | ३९० | ३६४ | ५३३ | १२६ | १७९ | ३८३९ |

## २०७५ भदौ महिनाको

| प्रकृति | ब्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | ० | ८६ | १०३ | ८३ | ७३ | ५५ | ८३ | ३४ | ३८ | ५५५ |
| आत्महत्या सम्बन्धी | ० | ४१ | ८७ | ३७ | ६८ | ५९ | ६८ | २६ | ३६ | ४२२ |
| चोरी सम्बन्धी | ० | ८४ | ४५ | ५२ | १९ | १४ | ३६ | १८ | १२ | २८० |
| संगठित तथा आर्थिक अपराध सम्बन्धी | १ | ९९ | ५५ | ६१ | २८ | ४१ | ६१ | २५ | १३ | ३८४ |
| सामाजिक अपराध | ० | ७६ | ६८ | ९६ | ४९ | ४५ | ४७ | ३२ | २४ | ४३७ |
| महिला तथा बालबालिका सम्बन्धी | ० | ५३ | १०४ | ६३ | ३१ | २९ | ६३ | २६ | २६ | ३९५ |
| सवारी सम्बन्धी | ० | १६ | २२ | ३४ | २८ | १२ | ४२ | ३ | ५ | १६२ |
| विविध | ४२ | ८५ | १२ | ११ | १८ | ३ | १२ | १ | २ | १८६ |
| कुल जम्मा | ४३ | ५४० | ४९६ | ४३७ | ३१४ | २५८ | ४१२ | १६५ | १५६ | २८२१ |

## २०७५ असोज महिनाको

| प्रकृति | ब्युरो | उपत्यका | प्रदेश नं १ | प्रदेश नं २ | प्रदेश नं ३ | प्रदेश नं ४ | प्रदेश नं ५ | प्रदेश नं ६ | प्रदेश नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्यान सम्बन्धी | ० | ७३ | ९० | ११० | ८५ | ४९ | १०९ | २० | ६ | ५६२ |
| आत्महत्या सम्बन्धी | ० | ३८ | ६५ | ४२ | ५५ | ४५ | १०२ | २४ | ३९ | ४१० |
| चोरी सम्बन्धी | ० | ८० | ३७ | ६४ | १४ | १३ | ४३ | ६ | १० | २६७ |
| संगठित तथा आर्थिक अपराध सम्बन्धी | १ | ७८ | ५३ | ७० | ३३ | ३५ | ७० | २० | १७ | ३७७ |
| सामाजिक अपराध | ० | १४३ | १२४ | १३० | ७७ | ५७ | ६२ | १३ | २७ | ६३३ |
| महिला तथा बालबालिका सम्बन्धी | ३ | ४२ | ७७ | ५८ | ४६ | २९ | ५७ | २७ | ३० | ३६९ |
| सवारी सम्बन्धी | ० | २७ | २५ | २९ | २९ | १३ | ३० | ६ | १३ | १७२ |
| विविध | १ | ८७ | ८ | १५ | ८ | ११ | २८ | ० | ५ | १६३ |
| कुल जम्मा | ५ | ५६८ | ४७९ | ५१८ | ३४७ | २५२ | ५०१ | ११६ | १६७ | २९५३ |

## जनचेतना मूलक सन्देश

नागरिक - प्रहरी मिली तोडौ अपराधको जालो, सुरक्षित समाज बनाउन गरौ हातेमालो ।

प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
नक्साल, काठमाडौं
फोन: ९७७१४४१२७४८
फ्याक्स: ९७७१४४१२६२

ई-मेल: cicu@nepalpolice.gov.np,
cicucid@gmail.com
वेभसाईट: www.cid.nepalpolice.gov.np